संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल फागुन १० गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले विवादित छवि भएका व्यक्तिलाई लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्त गरेका मन्त्री र उपाध्यक्ष, बालकुमारी घटनामा दोषी देखाइएका भौतिक पूर्वाधार तथा यातायात मन्त्री, भ्रष्टाचार आरोपमा अख्तियारमा बयान दिएका मन्त्रीहरुलाई हालसम्म कारवाही नभएको, विगतमा कुनै घटनामा दोषी देखिएमा वा भ्रष्टाचार आरोप लागेमा मन्त्रीहरुले राजीनामा दिएका थुप्रै उदाहरण भएको, प्रधानमन्त्रीको प्रतिवद्धता बमोजिम बालकुमारी घटनाका पिडित परिवारलाई राहत र छानविन समितिको प्रतिवेदन कार्यान्वयन नभए सदन अवरोध हुनसक्ने, मिटरब्याज पिडितहरुले समयमा न्याय नपाए जस्तोसुकै कदम चाल्न तयार रहेको, फागुन ६ गते प्रधानमन्त्रीले सदनमा जवाफ दिनेक्रममा बालकुमारीको घटनालाई हत्या भन्नुभएको तर हालसम्म कसैलाई कारवाही नभएको, अदालतबाट पक्राउ पुर्जी जारी भएका व्यक्तिहरु प्रधानमन्त्रीको वरपर रहेका लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री रबि लामिछाने
३. मा० श्री ज्ञानबहादुर शाही

तत्पश्चात सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम अगाडि बढाउनु खोज्नुभएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभई बैठकको आकस्मिक समयमा उठाइएका विषयहरु गम्भिर भएको र सो सम्बन्धमा सरकारको तर्फबाट जवाफको लागि सम्माननीय सभामुखबाट निर्देश हुनुपर्छ भन्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले आजको बैठकमा उठाउनु भएको विषयका सम्बन्धमा सभाको फागुन ६ गतेको बैठकमा सरकारलाई स्पष्ट एवं पर्याप्त निर्देश भैसकेको र सदनमा सरकारको उपस्थित रहेकोले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण भएको जानकारी गराउनु हुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को व्यवस्था बमोजिम शून्य, विशेष र आकस्मिक समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयमा उपयुक्त ढंगबाट जवाफ दिन सरकारलाई ध्यानाकर्षण गराउनु हुँदै मा० सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदा उहाँहरुले आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० श्री भगवती चौधरी
२. मा० श्री भानुभक्त चौधरी
३. मा० श्री मन बहादुर गुरुङ्ग
४. मा० श्री महेन्द्र बहादुर शाही
५. मा० श्री महेश कुमार वर्तौला
६. मा० श्री महेश बस्नेत
७. मा० श्री माधव सापकोटा
८. मा० श्री मानबीर राई
९. मा० श्री मिना तामाङ
१०. मा० श्री मैना कार्की
११. मा० श्री मुक्ता कुमारी यादव
१२. मा० श्री मंगल प्रसाद गुप्ता
१३. मा० श्री योगेश कुमार भट्टराई
१४. मा० श्री रण कुमारी बलम्पाकी मगर
१५. मा० श्री रणेन्द्र बराली
१६. मा० श्री रन्जु कुमारी झा
१७. मा० श्री रमा कोईराला पौड्याल
१८. मा० श्री रबि लामिछाने
१९. मा० श्री राजु थापा
२०. मा० श्री राजेन्द्र कुमार राई
२१. मा० श्री राजेन्द्र कुमार के.सी.
२२. मा० श्री राम कुमार राई
२३. मा० श्री रामहरि खतिवडा
२४. मा० श्री रुक्मणी राना बराइली
२५. मा० श्री रुपा सो.शी. (चौधरी)
२६. मा० श्री लक्ष्मी तिवारी

२७. मा० श्री लाल प्रसाद साँवा लिम्बु
२८. मा० श्री लालबिर चौधरी
२९. मा० श्री लिलानाथ श्रेष्ठ

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३. मा० श्री नारायणी शर्मा
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री रोसन कार्की
६. मा० श्री रेखा यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री प्रभु साह
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री सुनिता बराल
१५. मा० श्री सरस्वती सुब्बा

यसैबीच मा० श्री सुशिला थिङले नियमापत्ति गर्नुहुँदै मा० श्री रोसन कार्कीले बोल्ने क्रममा सम्माननीय प्रधानमन्त्रीलाई फटाहा शब्दको प्रयोग गर्नुभएकोले अभिलेखबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले उक्त विषयतर्फ सम्पूर्ण मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० उपप्रधानमन्त्री एवं गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय श्री महेश कुमार बर्तौलाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनुपर्ने भएकोले ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ६५ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै आजको कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल फागुन ११ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको १:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव